


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २७ गते मंगलबार ❑ 10 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बाल मृत्युदर गण्डकीमा अन्य प्रदेशभन्दा कम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशमा बाल मृत्युदर कम रहेको पाइएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सोमबार सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदनअनुसार गण्डकीमा पाँच वर्षमुनिका बालबालिकाको बाल मृत्युदर प्रतिहजार जन्ममा २० जना रहेको पाइएको छ।

उक्त सर्वेक्षणको नजिताअनुसार सबैभन्दा बढी सुदूरपश्चिममा प्रतिहजार जन्ममा पाँच वर्षमुनिका ४८ बालबालिकाको मृत्यु हुने गरेको पाइएको छ। नवजात शिशु मृत्यदुर पनि सुदूरपश्चिमै बढी देखिएको छ। सुदूरपश्चिममा प्रति हजार जन्ममा २६ नवजात शिशुको एक महिना नपुग्दै मृत्यु हुने गरेको पाइएको हो।

सबैभन्दा कम बागमती प्रदेशमा प्रतिहजार जन्ममा दस नवजात शिशुको मृत्यु हुने गरेको उक्त सर्वेक्षण प्रतिवेदनमा औंल्याइएको छ। एक वर्ष उमेर नपुग्दै हुने शिशु मृत्युदर सुदूरपश्चिममा प्रति हजार जन्ममा ३८ रहेको छ। जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी हो। सबैभन्दा कम बागमती प्रदेशमा प्रति हजार जन्ममा १७ जना शिशुको मृत्यु हुने गरेको पाइएको छ। राष्ट्रिय रुपमा भने प्रति हजार जीवित जन्ममा शिशु मृत्युदर २७, नवजात शिशु मृत्यदुर १७ र बाल मृत्युदर ३१ रहेको उक्त प्रतिवेदनमा उल्लेख छ। नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण-२०२२ को प्रतिवेदनले गण्डकी प्रदेशमा प्रति हजार जन्ममा बाल मृत्युदर २३ जना रहेको देखाएको थियो। अहिले त्यो घटेर २० जनामा पुगेको हो। प्रदेशको स्वास्थ्य मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डा रमेशकुमार केसीले पछिल्लो समय मातृशिशु स्वास्थ्यमा सुधार आएको बताउनुभयो। उहाँका अनुसार गण्डकी प्रदेशमा संस्थागत प्रसूति दर पनि राष्ट्रिय औसतभन्दा बढी छ। यस प्रदेशमा संस्थागत प्रसूति दर ८९ प्रतिशत छ भने राष्ट्रिय औसत ७९ प्रतिशत छ। सरकारले सन् २०३० सम्म संस्थागत प्रसूतिको दर ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकामा गण्डकी प्रदेश अहिले नै उक्त लक्ष्यको नजिक पुगेको छ। दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदर पनि गण्डकी प्रदेशमा ८९ प्रतिशत रहेको छ। दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदरको राष्ट्रिय औसत भने जम्मा ८० प्रतिशत छ। सन् २०३० सम्ममा दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदरलाई पनि ९० प्रतिशत पुऱ्याउने सरकारको लक्ष्य छ।

यस्तै गर्भवती अवस्थामा स्वास्थ्य संस्थामा पुगी चारपटक स्वास्थ्य परीक्षण गराउने गभर्वतीको प्रतिशत गण्डकी प्रदेशमा ८५ रहेको छ जुन राष्ट्रिय औसत ८१ भन्दा बढी हो। सरकारले सन् २०३० सम्ममा यसलाई पनि ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। स्वास्थ्य सेवामा पहुँच विस्तार, संस्थागत प्रसूतिको दर बढ्नु, जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार, सचेतना वृद्धि आदि कारणले पछिल्लो समय मातृ मृत्युका घटनामा पनि कमी आएको महाशाखा प्रमुख डा केसीले बताउनुभयो। विसं २०७८ को जनगणनाको प्रतिवेदनले गण्डकी प्रदेशमा मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १६२ रहेको देखाएको थियो।

जनगणना हुँदाको वर्ष ४६ गर्भवती र सुत्केरी आमाले मृत्युवरण गरेकामा गत आवमा उक्त सङ्ख्या १३ जनामा सीमित भएको उहाँको भनाइ छ। मातृशिशु स्वास्थ्यको क्षेत्रमा थप सुधार तथा दिगोपनाका लागि राजनीतिक प्रतिबद्धता, लगानी वृद्धि, नागरिक सचेतना र तीनै तहका सरकारबीच समन्वय र सहकार्य जरुरी रहेको प्रमुख डा केसीले बताउनुभयो। हाल गण्डकी प्रदेशमा प्रसूति केन्द्रको सङ्ख्या ३६४ छ भने प्रदेशभित्र शल्यक्रियामार्फत प्रसूति गराउने अस्पताल १८ र जटिल अवस्थाको सुत्केरी गराउने स्वास्थ्य संस्था ५२ रहेका छन्।

मनाङबाहेक सबै जिल्लामा शल्यक्रियामार्फत प्रसूति गराउने सेवा उपलब्ध छ। प्रदेश सरकारले जोखिममा परेका गर्भवती र सुत्केरीको निःशुल्क हवाई उद्धारसमेत गर्दै आएको छ।

## भारतीय पर्यटन प्रवर्द्धन अभियन्तासँग पोखरामा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

भारतको विहार क्षेत्रका बरिष्ठ पर्यटन प्रवर्द्धन अभियन्तासँग पोखरा सहित गण्डकी प्रदेशको पर्यटनका सम्बन्धमा आज पोखरामा छलफल गरिएको छ।

विहारबाट पोखरा सहित हिमाल पारीको जिल्ला मुस्ताङका पर्यटकीय गन्तव्य घुमेर फर्किएको टुरिज्म एशोसिएसन अफ विहारका प्रेजिडेन्ड सोनुकुमार सिंह, ट्राभल इन्फ्लुन्सर एवम् अनडिस्कोभर्ड भेन्चर्स प्रा.लि.का डाइरेक्टर आशिष कौशिक, सोही संस्थाका डाइरेक्टर एण्ड को फाउन्डर अभिनाश कौशिक, सोही संस्थामा आवद्ध फोटाग्राफर सुनिल शर्मा लगायतको टोलीसँग पोखरा पर्यटन परिषद् सहित पर्यटनसम्बद्ध संघ संस्थाका प्रतिनिधिले छलफल गरेका हुन्। उक्त अवसरमा भारतीय टोलीका तर्फबाट मुस्ताङसम्मका पर्यटकीय गन्तव्य पुग्ने क्रममा तयार गरिएको भिडियो प्रस्तुत गरिएको थियो भने पोखरा भ्रमण वर्ष २०२५ ले तयार गरेको गण्डकी प्रदेशका पर्यटकीय गन्तव्य समेटिएको भिडियो पनि प्रस्तुत गरिएको थियो। छलफलमा कार्यक्रमका अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष गणेशबहादुर भट्टराईले पोखरा सहित समग्र गण्डकी प्रदेश भारतीय पर्यटकको आकर्षक गन्तव्य भएको बताउँदै यहाँको प्रवर्द्धनमा सहयोग गर्न भारतीय टोलीसँग आग्रह गर्नुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लेउवा संघको आयकर तथा मूल्य अभिवृद्धि करसम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

लेखनाथ उद्योग वाणिज्य संघले व्यवसायीहरुका लागि आयकर तथा मूल्य अभिवृद्धि करसम्बन्धी तालिम आईतबार सम्पन्न गरेको छ।

तालिमको शुभारम्भ गर्दै संघका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले तालिममार्फत व्यवसायीहरुले जिवनभर आफुलाई उपयुक्त हुने ज्ञान हासिल गर्न सक्ने र व्यवसायीक जिवनमा सफलता हासिल गर्न सकिने वताएका थिए।

उनले व्यवसायीक जिवनमा कसैले खोट लगाउन नसक्ने स्वभिमानी जिवन बाँच्नको लागि विभिन्न किसिमका करहरुसम्बन्धी जानकारी हुनुपर्ने र कर तिर्नु हरेक नागरिकको कर्तव्य समेत भएकाले नियतवश कर छल्ने कार्य गर्दा भोलीका दिनमा कसैले पनि सहयोग गर्न नसक्ने अवस्था आउनेतर्फ सजग गराए।

कार्यक्रममा संघका अध्यक्ष जानुका पराजुली अधिकारीले संघमा आवद्ध व्यवसायीहरुलाई व्यवसायीक जिवनमा अझै सफल बनाउने उद्धेश्यले र कर गणना, कर विवरण भर्ने, कर चुक्ता लिने, आय विवरण बुझाउने, करसम्बद्ध झन्झटहरु मिसम्याचमा पर्ने, ननफाइलर रहने जस्ता विषयमा व्यवसायीले भोगेका समस्याहरु निराकरणका लागि तालिमको आयोजना गरिएको बताईन। उनले राष्ट्रको समृद्धि, विकास र सुशासन कर प्रणालीको पारदर्शिता तथा जनताको करप्रतिको सकारात्मक भावना विकास गर्न तालिमले सहयोग गर्ने विश्वास व्यक्त गरिन। उक्त अवसरमा तालिम व्यवस्थापन उप-समितिका संयोजक सुजन न्यौपानेले व्यवसायीले भोगेका समस्याहरु निराकरणका तालिमको आयोजना गरिएको बताउँदै कर डराउनुपर्ने विषय नभई जान्नुपर्ने विषय भएकाले उद्यमी/व्यवसायीहरुलाई सचेत बनाउन र पालना गर्नुपर्ने न्यूनतम नियमहरु पालना गराउनका लागि तालिम महत्वपूर्ण हुने विश्वास व्यक्त गरेका थिए।

यस्तै संघका प्रथम उपाध्यक्ष विक्रम कर्माचार्यले व्यवसायीहरुमा करलाई प्राथमिकता र महत्व नदिइएका कारण विभिन्न समस्या भोगिरहनुपरेको र राज्यको ऐन कानुन एवं कर नितिको बारेमा ज्ञान भएन भनेर उन्मुक्ति नपाईने भएकाले यस विषयमा सचेत गराउन तालिम प्रभावकारी हुने वताएका थिए। उनले प्रत्येक आर्थिक वर्षको शुरुवातसँगै परिवर्तन भईरहने कर नितिको विषयमा पनि व्यवसायिहरुले आफुलाई अद्यावधिक राख्नुपर्ने वताएका थिए। ७० भन्दा वढि उद्योगि/व्यवसायीहरुको सहभागिता रहेको तालिममा विवेक एण्ड एशोसिएट्सका सञ्चालक सिए विवेक श्रेष्ठले प्रशिक्षण दिएका थिए। संघका अध्यक्ष जानुका पराजुली अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओझाले गरेका थिए।

## आहा ! रारा पोखरा गोल्डकपको उद्घाटन खेलमा सहारा क्लव र गोर्खा इन्टरनेशनल भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को उद्घाटन खेलमा आयोजक सहारा क्लव र पाहुना टोली हङकङको गोर्खा इन्टरनेशनल फुटबल क्लब बिच भोलि(शनिबार) प्रतिस्प्रर्धा हुने भएको छ। पोखरा रंगशालाको फुटबल मैदानमा शनिबार साँझ हुने उक्त प्रतियोगितामा दुबै टोलीले जित्ने दाबी गरेका छन्।

आहा रारामा हङकङबाट पहिलो पटक सहभागि भएको गोर्खा इन्टरनेशनल फुटबल क्लवले भोलिको खेलमा आयोजक सामु उत्कृष्ट खेल प्रर्दशन गरी जित निकाल्ने रणनितीमा रहेको प्रशिक्षक दीपक रानाले बताउनु भयो। युवा खेलाडी, नेपाली मुलका करिब ७० प्रतिशत आबद्ध रहेको टोलीको कप्तान आर्यान राई रहनु हुने भएको छ। आफुहरु सेमिफाइनल सम्मको यात्रामा पुग्ने उहाँले जनाउनु भयो।

यता आयोजक सहारा क्लवले हालसम्म एक पटक मात्र उपाधि जितेको छ भने भोलिको उद्घाटन खेल पनि हतारहतारमा टिम तयार पारेको छ। सहाराका प्रशिक्षक सुनिल रानाले आफुहरुले भोलिको खेलमा राम्रो फुटवल प्रर्दशन गराउने जनाउनु भयो। आसिस गुरुङको कप्तानीमा मैदानमा उर्तिने तयारी गरेको सहारा क्लवले नाइजेरीयन खेलाडी डेनीयाललाई समेत सहभागि गराएको छ। आफुहरुसंट संकटा तथा एनआरटिका केही अनुभवी खेलाडीहरु रहेको प्रशिक्षक रानाले जनाउनु भयो।

पोखराको सहारा क्लबको आयोजनामा फागुन ९ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टिमको सहभागिताल रहेको सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले बताउनु भयो। प्रतियोगिता मंगलबार ५:०० बजे पछि हुने भएको प्रतियोगिता संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो। यही माघ २८ गते जाउलाखेल युथ क्लव बिरुद्ध मछिन्द्र फुटवल क्लव बिच खेल हुने भएको छ। शसस्त्र प्रहरी बलको एपिएफ क्लब बिरुद्ध मनाङ मर्सांङ्दी क्लव बिच माघ २९ गते खेल हुने भएको छ। समुह ए तर्फ पुलिस, सहारा क्लव, हङकङको गोर्खा इन्टर नेश्नल क्लव, एपिएफ क्लव, मनाङ मर्स्याङ्दी क्लव र थन्डरबोल्ट नर्थ युनाइटेड रहेका छन भने समुह बीमा चर्च वाइज, जाउलाखेल युथ क्लव, मछिन्द्र क्लव, फ्रेण्डस क्लव, प्लानिङ ब्वाइज युनाइटेड, एभा एफसी, उज्वेकिस्तान रहेका छन्। प्रतियोगिताका सेमिफाइनल खेलहरू फागुन ६ र ७ गते सञ्चालन हुनेछन् भने फागुन ९ गते पोखरा रंगशालामा फाइनल खेल हुने भएको छ। हिमश्री फुड्स प्रा.लि.को मुख्य प्रायोजनमा उक्त प्रतियोगिता हुने भएको हो।

## २५ वर्षमा २६ लाख पर्यटकले अन्नपूर्ण क्षेत्र घुमे


**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध गन्तव्य अन्नपूर्ण क्षेत्रमा पछिल्ला २५ वर्षमा २६ लाख ३२ हजार चार विदेशी पर्यटक भित्रिएका छन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार सन् २००१ मा ६५ हजार ३१३ पर्यटक आएकामा सन् २०२५ मा हालसम्मकै बढी दुई लाख ९९ हजार ८३१ पर्यटक भित्रिएका छन्। उक्त अवधिमा सबैभन्दा कम सन् २०२१ मा जम्मा १६ हजार १०५ पर्यटकले यस क्षेत्रको भ्रमण गरेको 'एक्याप'को आँकडाले देखाएको छ। कोभिड-१९ महामारी कारण त्यस वर्ष पर्यटक आगमनमा भारी गिरावट आएको थियो। सन् २००१ देखि सन् २०१० सम्म वार्षिक एक लाखभन्दा कम सङ्ख्यामा पर्यटक आएकामा सन् २०११ को नेपाल भ्रमण वर्षमा भने पर्यटक एक लाख नाघेका थिए। उक्त वर्ष एक लाख एक हजार ९०८ पर्यटक यस क्षेत्रमा भित्रिएका थिए। त्यसपछि सन् २०१५ मा गएको गोरखा भूकम्पका कारण पनि पर्यटक आगमन घटेर ७८ हजार ९३० पुगेको थियो। त्यसयता वर्सेनि बढ्दै आएको पर्यटक सङ्ख्या सन् २०२० र सन् २०२१ को कोरोना महामारीका बेला घट्न पुगेको थियो। सन् २०२२ पछि भने पुनः पर्यटक सङ्ख्या बढेको देखिन्छ। सन् २०२२ मा एक लाख २९ हजार ७२३, सन् २०२३ मा एक लाख ९१ हजार ५५८, सन् २०२४ मा दुई लाख ४४ हजार ३९ र गत वर्ष अर्थात सन् २०२५ मा दुई लाख ९९ हजार ८३१ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका हुन्। गत वर्ष आएका पर्यटकमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ७७ हजार ६२८ र अन्य मुलुकका एक लाख २२ हजार २०३ रहेका 'एक्याप'का प्रमुख डा रबिन कडरियाले जानकारी दिनुभयो। सन् २०२५ मा पर्यटक आगमनमा नयाँ रेकर्ड कायम भएको उहाँले बताउनुभयो। "पर्यटक आगमन बर्सेनि बढ्दो छ, पदयात्रामा रमाउनेदेखि धार्मिक पर्यटकसम्म यस क्षेत्रमा आउने गरेका छन्", उहाँले भन्नुभयो। अन्नपूर्ण चक्रिय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा वर्षेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले अन्नपूर्ण क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ।

कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा तय गर्न सकिन्छ। आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ। अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन्।



# २० औँ पोखरा अन्तर्राष्ट्रिय म्याराथनका तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

पोखरामा फागुन २ गते शनिबार आयोजना हुने २० औँ संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन-२०८२ को तयारी पूरा भएको छ । नेपाल भूतपूर्व खेलाडी मञ्चले आयोजना गर्न लागेको उक्त म्याराथन सहितको २१ वटा इभेण्टको लागि आवश्यक तयारी पूरा भएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

यस वर्ष पोखरा म्याराथन अन्तर्गत ४२ किलोमिटरको म्याराथन, हाफ म्याराथन (२१ किलोमिटर) सहितका २१ वटा इभेण्टमा प्रतिस्पर्धा हुने गरी ३ हजार ५ सय ६ जना धावकरु सूचिकृत भएको मञ्चका अध्यक्ष दील बहादुर गुरुङले बताउनु भयो । साथै 'रन फर फन' सहित करिब १० हजार जना शनिबार पोखरा म्याराथन दौडको अभियानमा सहभागि हुने भएको उहाँले जनाउनु भयो ।

खुल्ला म्याराथन ४२.१९५ किमि, राष्ट्रिय तथा प्रदेशस्तरीय म्याराथन, ४५ वर्ष माथिको म्याराथन, हाफ म्याराथन महिला-पुरुष, १० किमि दौड, विद्यालयस्तरीय ५ किमि दौड, भेट्रान्स, कर्पोरेट दौड तथा 'रन फर फन' समावेश गरिएको उहाँले जनाउनु भयो । प्रतियोगितामा अमेरिका, बेलायत, न्यूजिल्याण्ड, केन्या, नाइजेरिया, बेल्जियम लगायत विभिन्न देशबाट धावकहरूको सहभागिता रहने भएको मञ्चका सचिव महेश पौडेलले बताउनु भयो ।

यस वर्ष २१ वटा स्पर्धामा ७६ जना विजेतालाई कुल रु १९ लाख ९८ हजार नगद पुरस्कार वितरण गरिने भएको अध्यक्ष गुरुङले जनाउनु भयो । म्याराथनतर्फ प्रथम हुनेले रु ४ लाख, द्वितीयले रु २ लाख र तृतीयले रु १ लाख नगद पुरस्कार प्राप्त गर्नेछन् । चौथोदेखि आठौँ स्थानसम्मका खेलाडीलाई पनि नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । साथै, दूरी पूरा गर्ने सबै खेलाडीलाई ३ हजार ७ सय फिनिसर मेडल प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । मञ्चका अध्यक्ष दीलबहादुर गुरुङले मञ्चको स्थापना २०५८ सालमा भई राष्ट्रको खेलकुद विकासमा योगदान पुऱ्याउने उद्देश्यका साथ क्रियाशील रहेको उल्लेख गर्दै पोखरा म्याराथनलाई शहरकै उत्सवका रूपमा विकास गर्दै आएको दाबी गर्नुभयो । "पोखरालाई खेलकुद पर्यटनको अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्यसहित सिटी म्याराथनको अवधारणामा आधारित भएर यो प्रतियोगिता निरन्तर आयोजना हुँदै आएको छ।" अध्यक्ष गुरुङले भन्नुभयो ।

हरेक वर्ष फागुनको पहिलो साताको शनिबार आयोजना हुँदै आएको पोखरा म्याराथन यस वर्ष फागुन २ गते (शनिबार) हुने भएको हो । यसै अवसरमा अन्तर्राष्ट्रिय म्याराथन धावक सन्तोषी श्रेष्ठ र धरान रनका संस्थापक सन्तोष राईले पोखरा म्याराथनले पोखराको खेलकुद पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनु भयो । उहाँहरुले यस्तो अन्तर ष्ट्रिय प्रतियोगिताले पोखरालाई विश्व खेलकुद मानचित्रमा चिनाउन सहयोग पुगेको विश्वास व्यक्त गर्नुभयो । मञ्चले समावेशितालाई प्राथमिकतामा राख्दै हरेक वर्ष म्याराथन अघि नै ह्वीलचियर र दृष्टिविहीन दौड सञ्चालन गर्दै आएको छ भने यस बर्षको उक्त कार्यक्रम माघ २४ गते गरीसकेको छ ।

# पोखरामा फागुन पहिलो साता अन्तरविद्यालय ब्याडमिन्टन

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

पर्यटकीय शहर पोखरामा फागुन पहिलो साता अन्तरविद्यालय राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता हुने भएको छ ।

मोहन भूगोल ब्याडमिन्टन फाउण्डेसन र फिट नेपाल स्पोर्ट्स कम्प्लेक्सको आयोजनामा पोखरा महानगरपालिका-१० स्थित फिट नेपाल स्पोर्ट्स कम्प्लेक्समा फागुन १ देखि ३ गतेसम्म उक्त प्रतियोगिता हुनेछ । प्रतियोगितामा ११ वर्षमुनि, १३ वर्षमुनि, १७ वर्षमुनि र १९ वर्षमुनिको गरी चार विधामा छात्र तथा छात्रा उमेर समूहका खेलाडीले प्रतिष्पर्धा गर्ने फाउण्डेसनका अध्यक्ष भूगोल गुरुङले बताउनुभयो । "ब्याडमिन्टन खेलमार्फत विद्यालय तहदेखि राष्ट्रियतथाअन्तराष्ट्रियस्तरसम्मका उदीयमान खेलाडीको प्रतिभा पहिचान गर्ने उद्देश्यले प्रतियोगिता गर्न लागिएको हो," उहाँले भन्नुभयो । यसबाट खेलकुद विकासलाई टेवा दिने तथा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने विश्वास गरिएको छ ।

प्रतियोगितामा देशभरका विभिन्न विद्यालयका खेलाडीको सहभागिता रहने अध्यक्ष गुरुङले बताउनुभयो । प्रतियोगिता अन्तर्गत यू-११ र यू-१३ तर्फका विजेता खेलाडीलाई मेडल, प्रमाणपत्र तथा गिफ्ट ह्याम्पर प्रदान गरिनेछ । त्यसैगरी यू-१७ तथा यू-१९ समूहमा प्रथम हुने खेलाडीले जनही रु ४० हजार पाउने छन् । द्वितीयले रु २० हजार र तृतीयले रु १५ हजार पुरस्कार प्राप्त गर्नेछन् । जापानी प्रशिक्षक टि-यामामोतोलेनेपालको ब्याडमिन्टन खेलमा राम्रो सम्भावना रहेको बताउनुभयो । यसबाट नेपालले ग्रासरुट तहको खेल विकासमा सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । फाउण्डेसनका सल्लाहकार जयराज हमालले मोहन मेमोरियल अन्तरविद्यालय ब्याडमिन्टन प्रतियोगिताले पोखरा क्षेत्रको ब्याडमिन्टन खेलको विकासमा महत्वपूर्ण सहयोग पुगेको उल्लेख गर्नुभयो ।

प्रतियोगितामा यू-१५ राष्ट्रिय च्याम्पियन निभा राई, यू-१७ राष्ट्रिय च्याम्पियन दिलासा रानालगायतका चर्चित खेलाडीको सहभागिता रहने छ ।

# कोरला नाकाबाट भित्रिएको अवैध सामान बरामद

पोखरापत्र संवाददाता
मुस्ताङ, २६ माघ

माथिल्लो मुस्ताङस्थित कोरला नाकाबाट भित्रिएको अवैध सामान बरामद गरिएको छ ।

लोमान्थाङ-४ छोसेरस्थित न्हेचुमा रहेको मुस्ताङ भन्सार कार्यालय, सशस्त्र प्रहरी बल नेपाल (बिओपी) र ईलाका प्रहरी कार्यालय छोसेरको संयुक्त गस्ती टोलीले रु एक लाख १७ हजार बराबरको अवैध सामान बरामद गरेको हो । लोमान्थाङस्थित न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयका नायब सुब्बा भोजराज अधिकारी नेतृत्वको टोलीले अवैध सामान बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार कोरला नाकाबाट बरामद गरिएको अवैध सामान न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालयको जिम्मा लगाइएको छ । यसअघि गत पुस २७ गते कोरला नाकामा रोकिराखिएको मालबाहक कन्टेनर खानतलासी गर्दा रु दुई करोड २४ लाख बराबरको अवैध विद्युतीय चुरोट भेप बरामद गरिएको थियो । सो अवैध सामान मुस्ताङ भन्सार कार्यालयको जिम्मा लगाइएको थियो । यसैगरी २०८१ पुस २० गते कोरला नाका हुँदै लुकाइछिपाई जोमसोमतर्फ ल्याउँदै गरेको रु ६ करोड ८१ लाखको अवैध विद्युतीय चुरोट (भेप) बरामद गरिएको थियो । हिउँदयाममा कोरला नाकाबाट अवैध रूपमा चारी/शिकारी र अवैध क्रियाकलाप हुनसक्ने भएकाले सीमावर्ती क्षेत्रका सुरक्षाकर्मीले निरन्तर सीमा गस्ती गर्ने गरेका छन् ।

# नेका कास्कीद्वारा बास्तोलाको पूर्ण स्वास्थ्यलाभको कामना

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

नेपाली काँग्रेस कास्कीले क्षेत्र नं. २ कास्कीका प्रतिनिधि सभा सदस्य उम्मेदवार माधव बास्तोला 'मधु' को पूर्ण स्वास्थ्य लाभको कामना गरेको छ ।

नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले सोमबार एक प्रेश विज्ञप्ति प्रकाशित गरी निर्वाचन अभियानका क्रममा सिँढीबाट लडेर बायाँ हातमा चोटलागि हाल मनिपाल शिक्षण अस्पतालमा उपचारार्थ रहेका बास्तोलाको स्वास्थ्य लाभको कामना गरेका हुन् । 'उहाँको स्वास्थ्यको खबर सुनेर नेपाली काँग्रेस दुःखी बनेको छ' विज्ञप्तिमा भनिएको छ, 'तपाईं चाँडै स्वस्थ हुनुहुनेछ र पुनः सक्रिय भूमिकामा फर्कनुहुनेछ' बास्तोलाको संघर्ष र समर्पण सधैं पार्टीलाई प्रेरणा बनेको बताउँदै यस कठिन घडीमा पार्टी सधैं साथमा रहेको विज्ञप्तिमा जनाईएको छ । बास्तोलाको बायाँ हातको सोमबार नै सफल शल्यक्रिया गरिएको छ ।

# भारतीय ...

प्राकृतिक सौन्दर्यतासँगै आतिथ्यतामा पोखरा अग्रणी स्थानमा रहेको उहाँले बताउनुभयो । पोखरा पर्यटन परिषद् का अध्यक्ष तारानाथ पहारीले पोखरा सहित यस क्षेत्रको गन्तव्य प्रवर्द्धनमा सहयोग गर्न भारतीय टोलीसँग आग्रह गर्नुभयो । विहारबाट हतार गरेर सिधै हिमाली गन्तव्यहरूमा पुग्दा त्यसले पर्यटक स्वयमको स्वास्थ्य जोखिमी हुने बताउँदै उहाँले पोखरामा आएर आराम गर्दै यहाँका पर्यटकीय गन्तव्यको अवलोकन सहित उक्त क्षेत्रमा पुनुपर्ने धारणा राख्नुभयो । कतिपय भारतीय सवारीसाधन कानुनले दिएको प्रयोजन विपरित यहाँ व्यवसाय गर्न खोजेको ध्यानाकर्षण गराउँदै उहाँले त्यस्ता गतिविधि नियन्त्रण हुनु आवश्यक भएको बताउनुभयो । परिषद् का पूर्व अध्यक्ष सोम थापाले ट्राभल्स इन्फ्लुन्सरको कुनै पनि पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा ठूलो भूमिका हुने बताउँदै यहाँका पर्यटकीय स्थलको प्रवर्द्धनका लागि प्रचार गरिदिन आग्रह गर्नुभयो । पोखरा सहित गण्डकी प्रदेशमा धेरै पर्यटकीय गन्तव्य रहेको बताउँदै उहाँले समय लिएर यहाँका पर्यटकीय स्थल घुम्ने वातावरणका लागि सहयोग गरिदिन आग्रह गर्नुभयो । टुरिज्म एशोसिएसन अफ विहारका अध्यक्ष सोनुकुमार सिंहले धेरै सुन्दर गन्तव्यहरू यस क्षेत्रमा रहेको बताउँदै यी स्थलहरूको प्रवर्द्धनमा आफ्नो तर्फबाट सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । ठूलो जनसंख्या भएको विहारबाट पर्यटकको आकर्षण बढाउन सकेमा त्यसले पोखरा सहित यो क्षेत्र लाभान्वित हुने उहाँको भनाइ छ । उहाँले भारतको पटना, बिहारबाट पोखरामा यातायातमा सिधै पहुँच भएमा त्यसले पर्यटकको आगमन बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

ट्राभल्स इन्फ्लुन्सर अभिषेक कौशिक लगायतले यस प्रदेशको मार्फा लगायतका स्थानहरू उत्कृष्ट गन्तव्यका रुपमा पाएको अनुभव सुनाउँदै आँफूहरुले भिजुवल रुपमा यी स्थानको प्रचारप्रसार गर्ने जानकारी गराउनुभयो । छलफलमा टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी लगायतले भारतीय पर्यटकको बसाई लम्ब्याउन वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्षहरू टिकाराम सापकोटा, चिरञ्जीवि पोखरेल, पूर्व अध्यक्ष एमम् पोखरा भ्रमण वर्ष २०२५ का संयोजक गोपिबहादुर भट्टराई लगायत पर्यटनसम्बद्ध संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीको उपस्थिति थियो ।

# ज्ञानको उज्यालो बोकेर संसदतर्फ रश्मि आचार्य

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

हुलदंगा, चर्का भाषण र अराजकताले भरिएको नेपाली राजनीतिमा प्रायः देखिने दृश्यभन्दा फरक एउटा अनुहार अहिले पोखराको राजनीतिक माहोलमा चम्किरहेको छ । भीड र होहल्लाको बीचमा पनि शान्त, तर्कपूर्ण र विचारमुखी शैलीमा अघि बढ्ने व्यक्ति हुन् रश्मि आचार्य । गोरो अनुहार, शिरमा ढाका टोपी, बोलीमा संयमता र व्यवहारमा बौद्धिक शालीनता बोकेका आचार्य राजनीतिलाई सभ्य र विवेकशील बनाउने अभियानमा छन् ।

वि.सं. २०३७ भदौ ८ गते पोखरा-३३ गैरागाउँ (तत्कालीन भरतपोखरी-८) मा जन्मिएका आचार्यको बाल्यकाल सरल परिवेशमै बित्यो । आमा रमा कुमारी आचार्य र बुवा रघुनाथ आचार्यको संस्कारले उनलाई अनुशासन, अध्ययन र सेवाभावतर्फ डोऱ्यायो । ब्रह्मज्योति प्राथमिक विद्यालय शान्ति पँधेरोबाट प्रारम्भिक शिक्षा लिएका उनले शान्ति उदय माध्यमिक विद्यालय वरपाडेथुम, कैलास कास्कीबाट एसएलसी उत्तीर्ण गरे । शिक्षालाई जीवनको मेरुदण्ड ठान्ने आचार्यले त्रिभुवन विश्वविद्यालय अन्तर्गत पृथ्वीनारायण क्याम्पस पोखराबाट आई.एस.सी., बी.बी.एस. र एम.बी.एस. पूरा गरे । त्यसपछि निजी रूपमा राजनीतिशास्त्रमा एम.ए. अध्ययन गरे । कानुनी चेतनालाई व्यवहारमा उतार्ने उद्देश्यसहित नेपाल ल क्याम्पस, काठमाडौंबाट एल.एल.बी. गरी हाल अधिवक्ताका रूपमा पनि क्रियाशील छन् । अहिले उनी त्रिभुवन विश्वविद्यालयमा



International Relations and Diplomacy विषयमा पीएचडी स्कलरका रूपमा अनुसन्धानमा जुटिरहेका छन् । राजनीति मात्र होइन, ज्ञान र कूटनीतिलाई पनि सँगसँगै अघि बढाउने उनको चाहना यहीँ देखिन्छ । आचार्यको राजनीतिक यात्रा विद्यार्थी जीवनबाटै सुरु भएको हो । अनेरास्ववियुमा उनी २०५० देखि २०७७ सम्म निरन्तर २७ वर्ष सक्रिय रहे । कास्की जिल्ला कमिटी अध्यक्ष, गण्डकी अञ्चल कमिटी अध्यक्ष, केन्द्रीय सदस्य, केन्द्रीय कोषाध्यक्ष हुँदै केन्द्रीय उपाध्यक्षसम्मको जिम्मेवारी सम्हाले । वि.स २०६२ मा पृथ्वीनारायण क्याम्पसमा स्ववियु सचिव र २०६५ मा सभापति बनेर उनले विद्यार्थी आन्दोलनलाई व्यवस्थित, शालीन र मुद्दामुखी बनाउने अभ्यास गरे ।

पार्टी जीवनमा पनि उनी क्रमशः परिपक्व हुँदै गए । २०५६ मा संगठित सदस्यता लिएका आचार्य कास्की जिल्ला कमिटी सदस्य बने । तत्कालीन नेकपाको केन्द्रीय कमिटी सदस्य, गण्डकी प्रदेश उपसचिव हुँदै पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित हुनु उनको निरन्तर संघर्षको परिणाम हो । रश्मि आचार्यको विशेषता भाषणको चर्कोपन होइन, तर्क र तथ्य हो । सदैव मुस्कान बोकेर जनताको घरदैलोमा पुग्ने उनी आजको राजनीतिमा 'बौद्धिक शालीनता'को पहिचान बन्दै गएका छन् । पढाइ, अनुभव र संगठनात्मक यात्राबाट खारिएका आचार्य भन्छन्, "राजनीति जित्ने खेल होइन, विश्वास जित्ने यात्रा हो ।" बोलाइमा अहंकार छैन, शब्दमा अपनत्व छ । फुर्सद पाउनेबित्तिकै पुस्तक पल्टाउने बानी र कुरा गर्दा तर्क र संवेदनाको सन्तुलन उनको परिचय हो । यो कुनै साधारण व्यक्तिको होइन, नेकपा एमालेका केन्द्रीय सदस्य तथा युवा बौद्धिक नेता रश्मि आचार्यको तस्वीर हो । आज उनी हातमा किताब मात्रै होइन, कास्की-२ क्षेत्रको विकास, सुशासन र समृद्धिको सपना बोकेर जनताको घरदैलोमा पुगेका छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्की निर्वाचन क्षेत्र नम्बर-२ बाट एमालेको तर्फबाट उनी चुनावी मैदानमा उत्रिएका छन् । उनको राजनीति भाषणमा होइन, अध्ययन र विवेकमा अडिएको छ । ४५ वर्षीय आचार्यका लागि राजनीति सत्ता होइन, जिम्मेवारीको अभ्यास हो । रातदिन पुस्तकसँग रमाउने उनी भन्छन्, "राजनीति भावनाले मात्र होइन, तथ्य, दृष्टि र नैतिकताले चल्नुपर्छ ।" यही सोचले उनलाई अरूभन्दा फरक बनाएको छ । कास्की क्षेत्र नम्बर-२ मा अहिले एउटा नाम चर्चा मात्र होइन, आशाको प्रतीक बन्दै गएको छ–रश्मि आचार्य । किताबबाट सुरु भएको उनको यात्रा अब संसद हुँदै कास्कीको उज्यालो भविष्यतर्फ अग्रसर हुँदैछ ।




# बिटी कप प्रिक्वाटरफाइनलका खेल हुने

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

पोखरा महानगरपालिका १ टुँडिखेलमा जारी 'नवौं बिरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्लाफुटबलप्रतियोगितामा मंगलबारदेखि प्रिक्वाटरफाइनलका खेल हुने भएको छ ।

बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा आज दोस्रो चरणका सम्पूर्ण खेल सकिएको खेल संयोजक निकेश गुरुङले बताए । उनका अनुसार सोमबार भएको पहिलो खेलमा डेभिजफल्सले रामघाट रेडलाई १-० गोल अन्तरले पराजित गर्दै डेभिजफल्स प्रिक्वाटरफाइनलमा प्रवेश गर्यो । डेभिजफल्सको जीतमा रविन्द्र केसीले निर्णायक गोल गरे । यसैगरी दोस्रो खेलमा लम्छी ब्वाइज हेमजाले मुस्ताङ युनाइटेडलाई २-० गोल अन्तरले हरायो । लम्छी ब्वाइजको जीतमा सविन थापा र रोहित नेपालीले समान १/१ गोल गरे । तेस्रो खेलमा लामागाउँ गुम्वाले कमलपोखरी एफसीमाथि १-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्यो । लामागाउँको जीतमा सरोज तामाङले निर्णायक गोल गरे । चौथो खेलमा स्याङ्जा युथ क्लबले सुजन डल्ला एफसीलाई ३-१ गोल अन्तरले पराजित गर्यो । स्याङ्जाको जीतमा राजेश राजपाल र समिर पुरीले समान १/१ गोल गरे । भने, डल्ला एफसीको तर्फबाट प्रसन्न श्रेष्ठले सान्त्वना १ गोल फर्काए । एनएसवाइसी पुरुन्चौर र एन्जो ग्रुपबीच भएको पाँचौ खेल गोलरहित भएपछि पेनाल्टी सुटआउटमा पुरुन्चौरले २-१ गोल अन्तरले पराजित गर्दै प्रिक्वाटरफाइनलमा स्थान बनायो ।

यस्तै आज भएको अन्तिम खेल निकै रोचक बन्यो । मिक्की एफसी र रामघाट ह्वाइटबीच भएको खेलमा १४ औं मिनेटमा रामघाटका सुदेश गुरुङले पहिलो गोल गरे । त्यसपछि खेलको दोस्रो हाफको २१ औं मिनेटमा मिक्की एफसीका अमिर गुरुङले १ गोल फर्काउदै खेल बराबरीमा ल्याए । त्यसपछि निकै प्रतिस्पर्धात्मक बनेको खेलमा रामघाटका डिफेण्डर निशान श्रेष्ठ रातो कार्डको शिकार बने । रामघाट ६ जना खेलाडीमा सिमित बन्यो । तर त्यसको फाइदा भने मिक्की एफसीले उठान सकेन । रामघाटमाथि हावी भएपनि खेलको २९ औं मिनेटमा रामघाटका लागि सुदेश गुरुङले अर्को गोल गर्दै दोब्बर बनाए । अन्त्यमा त्यही गोल निर्णायक बन्यो । र, रामघाट ह्वाइट प्रिक्वाटरफाइनलमा प्रवेश गर्यो । अब मंगलबार प्रिक्वाटरफाइनलका ८ खेल हुने क्लबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । प्रतियोगिताको विजेतालाई २ लाख २ सय २२ रुपैयाँ र उपविजेतालाई १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७०७६
छाला तथा यौन रोगहरुका लागि
पाइल्स, फिसर, फिस्टुला तथा नशाहरू सम्बन्धी रोगहरुको उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जसोसुर्के (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पाइल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हड्डीजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# मिथ्या सूचनाको बाढी नरोक्ने ?

सामाजिक संजालमा मिथ्या सूचना फैलाएर देशलाई यो अवस्थामा ल्याउनेहरु झन सक्रिय भएका छन । भदौ २३ र २४ गते सामाजिक संजालमा मिथ्या सूचना फैलाउन नक्कली आइडी बनाएको अन्तर्राष्ट्रिय संचार माध्यमले सार्वजनिक गरिसकेका छन । अहिलेको निर्वाचनमा सामाजिक सञ्जाललाई मिथ्या सूचना फैलाउनका लागि परीक्षणको रूपमा विदेशी शक्तिहरूले दुरुपयोग गर्न सक्छन् । चुनावको समयमा सामाजिक सञ्जालहरूमा मिथ्या सूचनाको बाढी रोक्न सकिएन भने त्यसले भदौ २४ गतेकै जस्तो राष्ट्रिय असुरक्षा र विध्वंसको निरन्तरतालाई बढावा दिन सक्ने सम्भावनामाथि हामीले आँखा चिम्लन मिल्दैन ।

आम मानिसका लागि सही सूचना सम्प्रेषण गरी निर्वाचनलाई लोकतन्त्रको हितमा पार्न सशक्त सूचना अभियान आवश्यक छ। यसमा निर्वाचन आयोगले नेतृत्वदायी भूमिका खेल्नुपर्छ। आयोगको त्यस्तो अग्रसरतालाई व्यापक प्रचारप्रसार गर्न सक्षम र प्रतिबद्ध व्यावसायिक तथा जागरूक मानिसहरू नागरिक समाजमा छन्, तिनको सहयोग लिन सक्नुपर्छ। निर्वाचनमा आम मतदाताले भयरहित मतदान गर्न पाउने अधिकार सुरक्षित गर्नुपर्ने हाम्रो राष्ट्रिय दायित्व हो। यस चुनौतीको होशियारीपूर्वक सामना गर्न हामी सबैले आआफ्नो ठाउँबाट सक्रियता साथ लाग्नुपर्ने खाँचो छ ।

प्रविधिको प्रयोगबाटै भ्रमको खेती गरेर वा झुटको प्रचार गरेर नतिजालाई प्रभावित गर्ने चुनौती छ। यसै पनि भन्ने गरिन्छ, सत्यले घरबाट बाहिर निस्कन जुत्ताको तुना कस्न नभ्याउँदै झुटले पृथ्वीको ३ फन्का मारिसकेको हुन्छ । अल्गोरिदमको माध्यमबाट सामाजिक सञ्जालले त्यस्तो प्रवृत्तिलाई गुणात्मक रूपमा झन् धेरै फैलाएको छ । मानिसहरूलाई दिग्भ्रमित पारेको छ । आर्टिफिसिएल इन्टिलेजेन्ट भनिने यान्त्रिक बौद्धिकताले त झन् सत्य के हो र झुट के हो भन्ने भेउ छुट्ट्याउनै नसकिने बनाउँछ । नेता र उम्मेदवारका सक्कलीजस्तै लाग्ने अडियो र भिडियो यान्त्रिक बौद्धिकताले बनाउँछ र मतदातालाई भ्रमित पारिदिन्छ ।

एक तथ्यांकअनुसार साढे ३ अर्ब मानिस 'डिपफेक' को निसानामा परेका छन्। डिपफेक भनेको साँच्चैजस्तो देखिने गरी बनाइएको भिडियो सामग्री हो, जुन यान्त्रिक बौद्धिकताका माध्यमबाट बनाइन्छ । एआई र डिपफेकले मानिसको विवेकलाई नै बन्धक बनाइरहेका छन् । अल्गोरिदमले त्यसलाई फैलाइदिन्छ । नेपालमा सामाजिक सञ्जाल नियमनको कुनै कानुन छैन । कानुन ल्याउन लाग्दा नै विरोध भयो । अब आउँदो निर्वाचनमा कति भ्रम र झुट फैलने हुन् थाहा छैन । तर, त्यसलाई रोक्न सक्ने सामर्थ्य नेपालसँग कमजोर छ किन कि सामाजिक सञ्जालहरू नेपालमा दर्ता छैनन् र तिनका झुट तथा भ्रमपूर्ण सामग्री हटाउने उपाय हामीसँग छैन ।

निर्वाचन आयोगले यस सन्दर्भमा सामाजिक सञ्जालका सञ्चालक, कार्यालयसँग सम्पर्क गरी नियमनको पहल गर्नुपर्छ । होइन भने चुनावी नतिजालाई भ्रम र झुटले उल्ट्याउने खतरा हुन्छ । नागरिकलाई भ्रममा पर्न दिएर गरिने निर्वाचनले न सही परिणाम दिन्छ, न सही निकासा। यो त भदौ २४ गते गरिएको विध्वंसात्मक गतिविधि गर्न उक्साउने र सहभागी हुनेलाई वैधता दिन गरिएको नाटक मञ्चन हुनेछ ।

# बन्यो पालुङटारको चुक्तीखोला मोटरेबल पुल

**पोखरापत्र संवाददाता**
गोरखा, २६ माघ

जिल्लाको पालुङटार नगरपालिका-९ सेरास्थित चुक्तीखोला मोटरेबल पुल निर्माणको काम ६ महिनामा नै सम्पन्न भएको छ । गोरखाको अमृत कन्स्ट्रक्सनले गत असारमा जिम्मा लिएको पुल निर्माणको काम यही पुस मसान्तमा सम्पन्न भएको हो ।

रु तीन करोड ४१ लाख ४२ हजारको लागतमा पुल निर्माणको सम्झौता भएको पूर्वाधार विकास कार्यालयका इन्जिनियर मोहन श्रेष्ठले बताउनुभयो । उहाँकाअनुसार कार्यालयले ठेकेदार कम्पनीसँग १८ महिनाभित्र निर्माण सम्पन्न हुनेगरी ठेक्का सम्झौता गरेको थियो । "निर्माण कम्पनीले ठेक्का सम्झौता भएको ६ महिनाभित्रै काम सम्पन्न गरेको छ', उहाँले भन्नुभयो । पुलको लम्बाइ २० मिटर छ भने चौडाइ ८.४० मिटर रहेको छ । पालुङटारको तल्लो सेरा र माथिल्लो सेरा जोड्ने चुक्तीखोला पुल निर्माण सम्पन्न भएसँगै त्यहाँका स्थानीयले राहतको सास फेरेका छन् ।

यसअघि पक्की पुल नहुँदा सेराका बासिन्दा काठे पुल हालेर आजतजावत गर्न बाध्य थिए। बर्खाको बेलामा विद्यार्थीलाई विद्यालयसम्मढ पुग्न पनि कठिनाई हुने गरेको पालुङटार नगरपालिका-९ का वडाअध्यक्ष भोजराज पाण्डे बताउनुहुन्छ । "जिल्लामा विकास निर्माणका काम जिम्मा लिएर अलपत्र पार्ने प्रवृत्ति कायमै छ ।

यसरी निर्धारित समय अगावै काम सम्पन्न गर्ने निर्माण कम्पनीलाई प्रोत्साहन गर्नुपर्छ', उहाँले भन्नुभयो । मोटरेबल पुल बनेपछि आवतजावतसँगै कृषि सामग्री ढुवानी गर्न समेत सहज हुने छ ।

# मनाङमा म्यार्दी आयोजना निर्माण हुने

**पोखरापत्र संवाददाता**
मनाङ, २६ माघ

मनाङ जिल्लाको नासोङ गाउँपालिका र लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिकको बीचमा कूल ३० मेगावाट क्षमताको म्यार्दी जलविद्युत् आयोजना निर्माण हुने भएको छ ।

आयोजना निर्माणको प्रक्रिया स्वरुप वन तथा वातावरण मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको काम सुरु गरेको छ ।

म्यादी खोला हाइड्रोपावर कम्पन प्रालि आयोजनाको प्रस्तावक रहेको छ। आयोजना नदी प्रवाही प्रकृतिको रहेको छ। आयोजनाबाट वार्षिक रुमपा औसत एक सय ७३ दशमलव ४४ गिगावाट घण्टा ऊर्जा उत्पादन हुने विश्वास लिइएको छ । आयोजनाबाट उत्पादित बिजुली १० किलोमिटर लामो एक सय ३२ केभी क्षमताको प्रसारण लाइन मार्फत धारापानीमा रहेको दुई सय २० केभी क्षमाको मनाङमा हवमा जोडेर राष्ट्रिय प्रसारण प्रणालीमा पठाइनेछ ।

आयोजनाको कूल लागत रु तीन अर्ब ९० करोड ९७ लाख रहनेछ। यस आधारमा प्रतिमेगावाट लागत रु १३ करोड तीन लाख रहनेछ । वन तथा वातावरण मन्त्रालयले आयोजनाका कारण पर्न सक्ने सम्भावित वातावरीय प्रभावका बारेमा जानकारी दिन सम्वद्ध सबै सरोकारवालालाई आग्रह गरेको छ ।

# छ्यालिस लाख रकाजश्व सङ्कलन

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ माघ

एकीकृत सेवा कार्यालयले चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा रु ४६ लाख सात हजार राजश्व सङ्कलन गरेको छ। कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ को साउन महिनादेखि पुस मसान्तसम्म उक्त राजश्व सङ्कलन गरिएको हो ।

साउन महिनामा रु सात लाख पन्ध्र हजार, भदौमा रु सात लाख २२ हजार, असोजमा सात लाख ४० हजार, कार्तिकमा रु सात लाख १४ हजार, मङ्सिरमा सात लाख ८८ हजार र पुसमा नौ लाख २५ हजार राजश्व सङ्कलन भएको सो कार्यालयले जनाएको छ । उक्त अवधिमा ३३५ नयाँ उद्योग दर्ता भएका छन् । उद्योग १८०, वाणिज्य फर्म १५३ र पर्यटनतर्फ दुई उद्योग दर्ता भएका कार्यालय प्रमुख ईश्वरीप्रसाद रेग्मीले जानकारी दिनुभयो । उद्योगतर्फ एक हजार २३ नविकरण र वाणिज्यतर्फ ९८८ नविकरण भएका छन् । त्यसैगरी, उद्योगतर्फ १०८ वटाको लगत कट्टा र ८१ वटाको संशोधन गरिएको छ भने वाणिज्यतर्फ १०८ वटाको लगत कट्टा र ८३ वटाको संशोधन गरिएको छ ।

# राष्ट्रिय आर्थिक गणनामा परिसङ्घको सहकार्य

**रासस**
काठमाडौं, २६ माघ

राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्न लागेको 'राष्ट्रिय आर्थिक गणना-२०८२' लाई सफल र उपलब्धिमूलक बनाउने अभियानमा नेपाल उद्योग परिसङ्घ सरिक हुने भएको छ ।

राष्ट्रिय आर्थिक गणना सञ्चालन तथा सहकार्य गर्ने सन्दर्भमा आज यहाँ आयोजित अन्तर्क्रियामा परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अभियानलाई सफल तुल्याउन सम्पूर्ण उद्योगी व्यवसायीका तर्फबाट सक्दो सहयोग हुने बताउनुभयो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले आगामी वैशाख २ गतेदेखि असार ८ गतेसम्म सञ्चालन हुने आर्थिक गणनाको सन्दर्भमा तयारीका कामहरू भइरहेको बताउनुभयो । उहाँले आगामी चैत १ गतेदेखि ७७ जिल्लामा ८४ वटा कार्यालय स्थापना गरी स्थलगत रूपमा काम सुरू हुने जानकारी दिँदै उहाँले उक्त गणनाका क्रममा तीन हजार ९०० गणक र ५०० सुपरीवेक्षक प्रत्यक्ष सहभागी हुने बताउनुभयो । तथ्याङ्क कार्यालयले मुलुकको समग्र आर्थिक परिदृष्यलाई झल्काउने आर्थिक गणनालाई सार्थक र परिणाममुखी तुल्याउन परिसङ्घसहित व्यावसायिक सङ्घसंस्थाका तर्फबाट आवश्यक सहयोगको अपेक्षा गरेको छ ।

# जानकी माविमा जागरण आमा समुहको अक्षयकोष

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको जानकी माध्यमिक विद्यालयमा स्थानीय जागरण आमा समुहले अक्षयकोष स्थापना गरेको छ ।

विद्यालयको ४८ औ बार्षिकोत्सवको अवसरमा आमा समुहले ५१ हजारको अक्षयकोष स्थापना गरेको हो । नेपालीहरुको दोश्रो ठूलो पर्व तिहारमा खेलिएको भैलो तथा टोलछिमेकमा हुने शुभकार्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरि संकलन गरेको रकमबाट समुहले विद्यालयका जेहेन्दार एवम् विपन्न वर्गका विद्यार्थीको पढाईमा सहयोग पुऱ्याउने लक्ष्यका साथ अक्षयकोष स्थापना गरिएको समुहका निवर्तमान अध्यक्ष शोभा भण्डारीले जानकारी दिनुभयो । बार्षिकोत्सव समारोहमा आमा समुहका पदाधिकारी तथा सदस्यहरुले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलालाई उक्त रकम बरावरको चेक सामुहिकरुपमा हस्तान्तरण गर्नुभयो । सो समुहले सिताघाट बाटो निर्माण समितिलाई २० हजार ५५ रुपैया सहयोग गरेको उहाँको भनाई छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बास्तोलाले अक्षयकोषको चेक ग्रहण गर्दै सामुदायिक विद्यँलयको सुधार केवल सरकारको जिम्मा होइन, समुदायको पनि साझा जिम्मेवारी भएको बताउँदै आमा समुहको यो योगदान हामी सवैका लागि प्रेरणा बन्ने विश्वास व्यक्त गर्नुभयो ।

सामुदायिक विद्यँलयमा पढ्ने धेरै विद्यार्थीहरु दैनिकी जीवनका संघर्षसंग लड्दै अध्ययन गर्न वाध्ये छन् उहाँले भन्नुभयो, कसैका लागि किताव किन्न पनि कठिन छ, कसैका लागि विद्यालय पुग्नै चुनौती बन्ने गरेको वर्तमान अवस्थामा छात्रवृत्तिकोष स्थापनाले उनीहरुका लागि केवल आर्थिक सहयोग होइन, पढाईलाई निरन्तरता दिने साहस र आत्मविश्वास थपेको छ ।

सो विद्यालयमा आमा समुहको सहित विभिन्न संघसंस्था र सामाजिक व्यक्तिहरुबाट हालसम्म १५ लाख ३८ हजार ९३५ रुपैया बरावरको अक्षयकोष स्थापना गरिएको प्रधानाध्यापक अर्जुन कँडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस अघि पोखरा १७ का वडा सदस्य शिवराम भण्डारीले आफुले प्राप्त गरेको एक बर्षको सेवासुविधामा केही रकम थप गरेर दिवंगत वुवा धर्मदत्त र आमा जमुनादेवी भण्डारीको स्मृतिमा पाँच लाख, दुर्गा नरहरी अक्षयकोष एक लाख ११ हजार १११, कोमलनारायण लक्ष्मी एक लाख ११ हजार १११,चुडामणी पार्वती एक लाख १५ हजार ५५५,चुडामणी धर्मकुमारी चालिसे एक लाख २५ हजार ५५५, धनञ्जय नारायणी एक लाखको अक्षयकोष स्थापना गर्नुभएकोछ ।

त्यसैगरि शिविन्द्र सीता,५५ हजार ५५५, गुप्तेश्वर गुफा दुई लाख, ढुङ्केसाँघु सितापाईला आमा समुह,५१ हजार १०५, बिक्रम भण्डारी(छोराको नाममा) २१ हजार, नगेन्द्र लक्ष्मी शर्मा ५५ हजार ५५५, गोमा पराजुली ५० हजार र बाटुली अक्षयकोष ५० हजार पाँच रुपैया एवम् सामुहिक अक्षयकोषमा विभिन्न छ जनाले ३० हजार रुपैया जम्मा गर्नुभएको उहाँको भनाई छ । बैकमा व्याजको दर दिनप्रतिदिन कमी आएको कारण अक्षयकोषदाताले राखेको रकमबाट सामान्य व्याज प्राप्त हुने हुँदा सम्पूर्ण कोषको रकम एकै ठाउँमा संकलन गरेर आवश्यकता अनुसार विद्यार्थीको शिक्षा क्षेत्रमा लगानी गर्ने विद्यालयले सोच बनाएको छ ।


**गण्डकी प्रदेश सरकार**

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

**पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र**

**(साविक पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय)**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

आ.व. ०८२/८३ को लागि यस कार्यालयलाई प्राप्त स्वीकृत बजेट अन्तर्गत लम्पी स्किन डिजिजका लागि खोप तथा पशुमा पूर्णखोप कार्यक्रमका लागि रेविज खोप खरिदका लागि तपशिल बमोजिमका ठेक्का विधुतिय माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि मिति २०८२/१०/२७ गते प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र आव्हान सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयको वेभसाईट https://ltcpokhara.gov.np तथा e-GP पोर्टलवाट प्राप्त गर्न सकिने छ ।

**तपशिल**

| S. No | Contract name | IBF NO |
|---|---|---|
| 1. | Procurement Supply and Delivery of Anti-Rabies Vaccines | LRDTC/NCB/Gandaki/Goods/1/2082-083 |
| 2. | Procurement of Supply and Delivery of Lumpy Skin Disease Vaccine | LRDTC/NCB/Gandaki/Goods/2/2082-083 |

**कार्यालय प्रमुख**



## कर्मचारी आवश्यकता

**सूचना प्रकाशित मिति २०८२/१०/२७ गते**

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-१७, छोरेपाटनको लागि तपसिल बमोजिमको कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकहरुले आफ्नो व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपिहरु, पासपोर्ट साइजको फोटो (१ थान) कासाथ यो सूचना प्रकाशित भएको मितिदेखि ७ दिन भित्र कार्यालय समयमा हस्तलिखित निवेदन सहित दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं | पद | संख्या | योग्यता तथा अनुभव | पारिश्रमिक |
|---|---|---|---|---|
| १ | व्यवस्थापक | १ | - मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन तथा अर्थशास्त्र विषयमा स्नातक तह उत्तीर्ण<br>- सहकारी क्षेत्रमा काम गरेको अनुभव भएको<br>- सवारी चालक अनुमतिपत्र भएको<br>- सम्वन्धित कामको लागि दक्षता हासिल गरेको<br>- निवेदन दस्तुर रु १,५००/- | संस्थाको नियम अनुसार |
| २ | सह–व्यवस्थापक | १ | - कक्षा १२ वा सो सरह<br>- सहकारी क्षेत्रमा काम गरेको अनुभव भएको<br>- सम्वन्धित कामको लागि दक्षता हासिल गरेको<br>- निवेदन दस्तुर रु १,०००/- | |

सम्पर्क

**अनमोल बचत तथा ऋण सहकारी संस्था लि.**

०६१-४५६६४३ ९७४८२१२४८१


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : शत्रुको भय |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# म्याग्दीमा जलविद्युत्को सम्भावना र चुनावी मुद्दा

**रासस**
म्याग्दी, २६ माघ

म्याग्दीमा पछिल्लो दश वर्षयता कूल २८६ मेगावाट क्षमताका नौ वटा आयोजना निर्माण सकिए केन्द्रीय प्रशारण लाइनमा जोडिएका छन् । थप ६२ दशमलव पाँच मेगावाट क्षमताको दुई वटा आयोजनाको निर्माण यसै वर्षभित्र सकिए राष्ट्रिय प्रणालीमा जोडिने तयारीमा रहेका छन् ।

कूल २८२ दशमलव २५ मेगावाट क्षमताका नौ वटा जलविद्युत् आयोजना निर्माणाधीन छन् । म्याग्दीमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाको केन्द्रीय ग्रिडमा जोड्नका लागि २२० केभी क्षमताको कालीगण्डकी करिडोर दाना-खुर्कोट प्रसारण लाइन र सबस्टेशन निर्माण भइसकेको छ । १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइन र सबस्टेसन निर्माणाधीन छ । सबस्टेसन र प्रसारण लाइन निर्माणसँगै जलविद्युत् आयोजनाले गति लिन थालेको हो । कालीगण्डकी, राहुघाट र म्याग्दी नदी जलाधार क्षेत्रको भूगोलमा विभाजित म्याग्दी जलविद्युत्को हिसाबले सम्भावना बोकेको जिल्ला हो ।

प्रसारण लाइन र सबस्टेशन निर्माण गरेर जलविद्युत् आयोजना र लगानी भित्र्याउने मुद्दामा सफल भएका म्याग्दीका राजनीतिक दलका उम्मेदवारहरूले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि जलविद्युत्बाट म्याग्देलीको जीवनस्तर सुधार गर्ने मुद्दा अघि सारेका छन् । नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारी (केबी) ले जलविद्युत् आयोजनाबाट प्रभावित क्षेत्रका बासिन्दालाई प्राथमिकता तथा जिल्लाभरका जनतालाई सहज हुने गरी जलविद्युतमा जोड्ने काम गर्ने बताउनुभयो । नेकपा (एमाले) का उम्मेदवार हरिकृष्ण श्रेष्ठले जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रको सामाजिक क्षेत्रमा परिचालन गर्ने बजेटलाई पारदर्शी र प्रभावकारी बनाउने तथा जिल्लावासीलाई लगानीको वातावरण बनाउन नीति निर्माणमा भूमिका खेल्ने बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अर्जुन थापाले म्याग्दीमा निर्माण सम्पन्न भएका आयोजनाहरूले प्रभावितहरूका लागि उपलब्ध गराउनुपर्ने कुल लागतको १० प्रतिशत संस्थापक सेयर लगानीको प्रक्रीयामा भएको ढिलाई प्रति चासो देखाउनुभएको छ । "प्रभावितलाई सेयर लगानीमा ढिलाई हुनुको कारण र समस्या पहिचान गरेर नीतिगत हिसाबले समाधान गर्नु मेरो प्राथमिकता हुनेछ," उहाँले भन्नुभयो "थोरै पुँजी भएका सर्वसाधारणहरूले पनि नीतिगत व्यवस्थाअनुसार सेयर लगानीको अवसर पाएमा उनिहरूको आर्थिक स्तर सुधारमा सहयोग पुग्नेछ ।" अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा वि.स. २०७७ मा निर्माण सम्पन्न भएको ४२ मेगावाटको मिस्त्रीखोला जलविद्युत् आयोजनामा संस्थापक सेयर लगानी गरेका प्रभावित क्षेत्रका बासिन्दाले राम्रो मुनाफा आर्जन गरिरहेका छन् । मिस्त्रीखोला र पाँच मेगावाटको घलेम्दीखोला बाहेकका आयोजनाहरूले प्रभावित क्षेत्रका बासिन्दाका लागि संस्थापक सेयर जारी गरेका छैनन् ।

अन्तरिम सरकार, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवारका रूपमा म्याग्दीमा चुनावी प्रतिस्पर्धा गर्न आउनुभएका महाबिर पुनले आर्थिक समृद्धि र रोजगारीको लागि जलविद्युत् आयोजनाहरू सम्भावनाको क्षेत्र भएको बताउनुभयो । म्याग्दी उद्योग वाणिज्य सङ्घका महासचिव नारायण जिसीले जलविद्युत् आयोजनामा प्रभावित क्षेत्रका बासिन्दालाई जति सक्दो छिटो संस्थापक सेयर लगानीको वातावरण बनाउनुपर्ने बताउनुभयो । जिल्लाभित्रै रोजगारी, पेसा व्यवसाय, मजदुरी गर्नेदेखि प्रवासी म्याग्देलीहरूले जलविद्युत् मा लगानी गरेर आर्थिकस्तर सुधारको अवसर पाउने उहाँको अपेक्षा छ । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा ७१ मेगावाटको निलगिरि दोस्रो, ४२ मेगावाटको मिस्त्रीखोला, १४ मेगावाटको घारखोला, पाँच मेगावाटको घलेम्दीखोला, छ मेगावाटको रेलेखोला, ४० दशमलव ७ मेगावाट क्षमताको निलगिरि पहिलो जलविद्युत आयोजना निर्माण सकिएको छ । अन्नपूर्ण गाउँपालिका भएर बग्ने कालीगण्डकी नदीमा १८४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना सुरु भएको छ । ६६.५ मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माणाधीन छ । रघुगङ्गा गाउँपालिकामा ३७ दशमलव पाँच मेगावाटको मङ्गले राहुघाट, ४८ दशमलव ५ मेगावाटको माथिल्लो राहुघाट, २१ दशमलव ३ मेगावाटको ठूलोखोला जलविद्युत् आयोजना निर्माण सकिएको छ । ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजना, र २२ दशमलव ५ मेगावाट क्षमताको ठूलोखोला माथिल्लो 'ए' जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । यी सबै आयोजनाले एक वर्षभित्र विद्युत् उत्पादन सुरु गर्ने तयारीमा छन् । म्याग्दीखोला जलाधार क्षेत्रमा रहेका २५ मेगावाटको दरबाङ म्याग्दीखोला आयोजना, ५३ मेगावाटको अपर म्याग्दी-१ र ३७ मेगावाटको अपर म्याग्दीले धमाधम टनेल निर्माण गरिरहेका छन् । १४ मेगावाट क्षमताको मुदीखोला र ६५ मेघावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले पहुँचमार्ग निर्माण सुरु भएको छ । रघुगङ्गा गाउँपालिका-७ मा पाँच दशमलब पाँच मेगावाट क्षमताको बगरखोला र धवलागिरि गाउँपालिका-३ मा छ दशमलब पाँच मेगावाट क्षमताको दरखोला जलविद्युत् आयोजना निर्माण सुरु भएको छ । म्याग्दीको उत्तरी भेगमा बेनीबाट मुस्ताङ सीमावर्ती घाँसासम्मको ३७ किमी खण्डमा बग्ने ५८ मेगावाटको तिप्ल्याङ कालीगण्डकी, ६५ मेगावाटको अपरकालीगण्डकी तथा ५० दशमलव ५३ मेगावाटको बेनी कालीगण्डकी गरी १७३ दशमलब ५३ मेगावाट क्षमताका आयोजना विद्युत् विकास विभागसँग खरिद सम्झौता गरी निर्माण प्रक्रियामा छन् । बेनी कालीगण्डकीको 'एलाइमेन्ट'मा म्याग्दी सदरमुकाम बेनीको अवरोध रहेकाले प्रक्रिया रोकिएको छ । जलविद्युत् आयोजनाले बनाएको पहुँचमार्गले नारच्याङ लेकगाउँ, रघुगङ्गाको दग्नाम, दर्मीजा, चिमखोला, कुइनेमङ्गले, धवलागिरिको खिवाङ, नाउरा, चेचुङ, बगर जस्ता दुर्गम बस्तिमा सडक यातायातको पहुँच पुगेको छ । सामुदायिक उत्तरदायित्वका कार्यक्रमले स्थानीय विकासमा सहयोग पुगेको छ ।

यस क्षेत्रबाट निर्वाचनमा नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), नेकपा (एमाले) का हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापा, स्वतन्त्र उम्मेदवार डा महाविर पुन, नेत्रबिक्रम चन्द (विप्लप) बाट क्षेत्रबहादुर घिमिरे उम्मेदवार हुनुहुन्छ । साथै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का डम्मरबहादुर सुवेदी, प्रगतिशील लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, मङ्गोल नेशनल अर्गनाइजेसनका भीमबहादुर लामा र नेशनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजा उम्मेदवार बन्नुभएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एक वटा निर्वाचन क्षेत्र र छ वटा स्थानीय तह रहेको म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता छन् । ८२ वटा मतदानस्थल र १२० वटा मतदान केन्द्र छन् ।

# मातृभूमि माविको ६४ औं वार्षिकोत्सवमा स्थानीय सामग्री प्रदर्शनी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ माघ



स्याङ्जा जिल्लाको हरिनास गाउँपालिकाको केन्द्रमा अवस्थित मातृभूमि मा.वि.को ६४औं वार्षिक उत्सव एवम् अभिभावक दिवसको अवसरमा गाउँघरमा प्रयोग गरिने परम्परागत स्थानीय सामाग्रीहरु जस्तै ढिकी, जाँतो, स्याखु, हलो, जुवा लगायतका सामग्रीहरु प्रदर्शन गरी ती सामग्रीहरुको महत्व स्पष्ट रुपमा झल्काएर परम्परा नै हाम्रो पहिचान हो भन्ने सन्देश दिएका थिए ।

उक्त कार्यक्रम वि.व्य.स. अध्यक्ष लिल बहादुर थापाको अध्यक्षता, हरिनास गा.पा. अध्यक्ष खिम नारायण मानन्धरको प्रमुख आतिथ्यता, हरिनास गा.पा. उपाध्यक्ष इन्द्रा कुमारी थापा राना विशिष्ट अतिथि, वडा नं. ४ का वडाध्यक्ष सन्त बहादुर थापाको विशेष अतिथिमा सम्पन्न भएको सो कार्यमा महिमा मा.वि.का प्रधानाध्यापक भवानी थापा, अतिथिहरु खिम बहादुर थापा, मेख बहादुर थापा लगायतले शुभकामना मन्तव्य राख्दै प्रदर्शनमा राखिएका स्थानीय सामग्रीको महत्व र आवश्यकताबारे प्रष्ट पार्दै प्राविधिक शिक्षामा जोड दिनुपर्ने कुरा अभिव्यक्त गरे । विद्यालयका प्रधानाध्यापक सुशिलचन्द्र न्यौपानेले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयको भावी कार्ययोजनाको बारेमा बोल्दै हरेक वर्ष मातृभूमिले कक्षा १२ को बोर्ड परीक्षामा पालिका टप गरेको र यस वर्ष पनि विद्यार्थी सोनु राना मगरले ३.६८ जि.पि.ए ल्याई पालिकाकै सर्वोत्कृष्ट अंक ल्याएको बताए । सो कार्यक्रममा एस.इ.इ र कक्षा १२ को बोर्ड परीक्षामा सतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल शिक्षकहरु नेत्र बहादुर क्षेत्री, राजु खनाल, अमर सुनार, ध्रुवप्रसाद रेग्मी र शिवराज तिम्सिनालाई सम्मान गरेका थिए भने भूपू शिक्षक सम्मान र वर्ष शिक्षक सम्मानमा शिक्षक विनोद शाही र लक्ष्मी सुनार थिए । कार्यक्रमको सञ्चालन शिक्षकद्वय हेम बहादुर राना र दुरपती थापाले गरेका थिए भने स्वागत मन्तव्य शिक्षक ध्रुव प्रसाद रेग्मीको रहेको थियो ।

स्थानीय सामग्री निर्माणमा विशेष गरेर अभिभावकहरुले सहयोग गरेका थिए भने कागजका हस्तकलाका सामग्री विद्यार्थी स्वयमले निर्माण गरेका थिए । कार्यक्रममा स्थानीय सामग्री निर्माण गर्ने उत्कृष्ट अभिभावकलाई सम्मान गरेको विद्यालयका लेखापाल मुक्त बहादुर रानाले जानकारी दिए । यसैगरी उक्त प्रदर्शनी कार्यक्रममा विद्यार्थीहरु आकर्षक पि.टी. प्रदर्शन, सांस्कृतिक कार्यक्रम प्रदर्शन गरिनुका साथै विद्यार्थीहरुलाई अक्षयकोष पुरस्कार स्वयं अक्षयदाताहरुकै हातबाट प्रदान गरिएको विद्यालयका प्रविधि शिक्षक ठग बहादुर रानाले जानकारी दिए ।

# किशोरावस्था एचपिभी खोप लगाउँदा प्रभावकारी

**पोखरापत्र संवाददाता**
दमौली, २६ माघ

तनहुँ जिल्लामा पाठेघरको मुखको क्यान्सर रोगविरुद्ध एचपिभी खोप अभियानमा १४९ स्वास्थ्यकर्मी परिचालन गरिने भएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका प्रमुख अमर दवाडीका अनुसार जिल्लाका दश स्थानीय तहमा १४९ स्वास्थ्यकर्मी परिचालन गरी खोप अभियान सञ्चालन गर्न लागिएको हो ।

माघ २९ र फागुन १ गते व्यास नगरपालिका, भिमाद नगरपालिका, बन्दीपुर गाउँपालिका र देवघाट गाउँपालिकामा खोप अभियान सञ्चालन हुनेछ । यस्तै फागुन ४ र ५ गते भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका, म्याग्दे गाउँपालिका र आँबुखैरेनी गाउँपालिकामा खोप अभियान सञ्चालन हुनेछ । दुई हजार ६२५ जना किशोरीलाई एचपिभी खोप लगाइने दवाडीले बताउनुभयो । हाल विद्यालय जाने कक्षा ६ का छात्रा, गत आर्थिक वर्षमा छुट भएका हाल कक्षा ७ देखि १० मा अध्ययन गर्दै गरेका छात्रा, हाल विद्यालय नजाने १० वर्ष उमेरका किशोरी, गत आर्थिक वर्षमा छुट भएका विद्यालय नजाने हाल ११ देखि १४ वर्षका किशोरीलाई उक्त खोप लगाउन लागिएको दवाडीले बताउनुभयो । गत वर्ष जिल्लाका १४ हजार १३५ किशोरीलाई उक्त खोप लगाइएको थियो ।

व्यास नगरपालिकाका ७७६, भानु नगरपालिकाका २४४, शुक्लागण्डकी नगरपालिकाका ४६३, भिमाद नगरपालिकाका २५८, म्याग्दे गाउँपालिकाका १३६, घिरिङ गाउँपालिकाका १०२, ऋषिङ गाउँपालिकाका ११७, देवघाट गाउँपालिकाका १६८, बन्दीपुर गाउँपालिकाका १६६, आँबुखैरेनी गाउँपालिकाका २४५ किशोरीलाई खोप लगाइने दवाडीले बताउनुभयो । व्यास नगरपालिकामा २३, भानु नगरपालिकामा १३, शुक्लागण्डकी नगरपालिकामा २३, भिमाद नगरपालिकामा २३, म्याग्दे गाउँपालिकामा ११, घिरिङ गाउँपालिकामा आठ, ऋषिङ गाउँपालिकामा २०, देवघाट गाउँपालिकामा नौ, बन्दीपुर गाउँपालिकामा १३, आँबुखैरेनी गाउँपालिकामा छ स्वास्थ्यकर्मी परिचालन गरिनेछ । नेपालमा हरेक वर्ष दुई हजार १६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ भने अनुमान गरिएको छ । हरेक वर्ष एक हजार ३१३ महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने जनाइएको छ ।

महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य कारण रहेको र क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो मुख्य कारण रहेको छ । पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप प्रारम्भिक किशोरावस्थामा दिँदा बढी प्रभावकारी हुने स्वास्थ्यकर्मी बताउँछन् ।

# लक्ष्मी माविमा स्वर्गीय आमाको स्मृतिमा अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

पोखरा महानगरपालिका वडा नं २६ स्थित लक्ष्मी माध्यमिक विद्यालयमा स्वर्गीय आमाको ४५ औं दिनको पुण्य तिथिमा छोरा विजयेन्द्र पौडेलले रु २ लाख २२ हजार २ सय २२ को शैक्षिक अक्षय कोष स्थापना गरेका छन् ।

स्वर्गीय आमा दुर्गा देवी पौडेलको स्मृतिमा विद्यालयमा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीको पढाइमा सहयोग पुगोस् भन्ने उद्देश्यले अक्षय कोष स्थापना गरेका हुन् । कोषको ब्याजबाट आउने रकम विद्यालयले विपन्न तथा जेहन्दार विद्यार्थीलाई पुरस्कृत गर्ने गरी सहयोग गरिएको हो ।

शिक्षक अभिभावक सङ्घका अध्यक्ष मधुरा कुमार श्रेष्ठ र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, विद्यालयका शिक्षक शिक्षिकाहरू र विद्यार्थीहरू बीच सोमबार एक कार्यक्रम गरी स्वर्गीय दुर्गादेवी पौडेलका श्रीमान विष्णुप्रसाद पौडेलले छोरा विजयेन्द्र पौडेल, बुहारी पुष्पाञ्जली बराल, छोरीहरू इन्दु अधिकारी, तिर्सनापौडेलरसुस्मिता पौडेल लगायत परिवारसहित चेक रकम हस्तान्तरण गर्नुभएको थियो । स्वर्गीय दुर्गादेवी पौडेल तथा उहाँको परिवारबाट सो विद्यालयको भौतिक तथा शैक्षिक उन्नतिका लागि विभिन्न समयमा सहयोग रहँदै आएको थियो ।

त्यसैगरी सोमबार नै परिवारको तर्फबाट पोखरा महानगरपालिका वडा नम्बर २७ साहेलापाखामा रहेको श्रीकृष्ण प्रणामी मन्दिर वृद्ध तथा बाल आश्रम सेवा समितिमा समेत खाद्यान्न सामग्रीहरू हस्तान्तरण गरिएको थियो ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएको ले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००३१२२ | जमुना अर्याल | अर्जुनचौपारी-४ स्याङ्जा |
| २ | PLI १६१०००३१२३ | ऋषिराम अर्याल | अर्जुनचौपारी-४ स्याङ्जा |



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ को धुरपुरेढाप तथा रियाले खेत पहिरो संरक्षण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : धुरपुरेढाप तथा रियाले खेत पहिरो संरक्षण योजना
उपभोक्ता समितिको नाम : धुरपुरेढाप तथा रियाले खेत पहिरो संरक्षण योजना उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८२/०८/१५
योजना सुरु मिति : २०८२/०८/१६
योजना सम्पन्न हुने मिति : २०८२/११/ मसान्त
महानगरपालिकाबाट : रु. १०,००,०००/-
जनसहभागिता : रु. १,१३,६६३/४५
योजनाको कुल लागत : रु. ११,१३,६६३/४५

**उपभोक्ता समिति**
अध्यक्ष : भपिन्द्रराज रेग्मी
उपाध्यक्ष : रामचन्द्र पहारी
सचिव: प्रमिला पौडेल सुवेदी
कोषाध्यक्ष: रामचन्द्र पहारी (ख)
सदस्य: अन्जना रेग्मी
सदस्य: प्रकाश पहारी
सदस्य: लक्ष्मी रेग्मी

**अनुगमन समिति**
संयोजक : प्रकाशचन्द्र पौडेल
सदस्य: गिता रेग्मी
सदस्य: रमेश पहारी



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, सूर्योदय आमा समुह भवन मर्मत गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नाम: सूर्योदय आमा समुह भवन मर्मत
ठेगाना: पोखरा-१३
योजना सुरु हुने मिति: २०८२/०७/२६ गते
योजना सम्पन्न हुने मिति: २०८२/०९/३० गते
योजना सम्पन्न भएको मिति: २०८२/१०/२७ गते
योजनाको कुल लागत: रु. ५,५५,५५६।-
महानगरपालिकाबाट: रु. ५,००,०००।-
जनसहभागिताबाट: रु. ५५,५५६।-
उपभोक्ता समिति अध्यक्ष: तारा बराल
सम्पर्क नं.: मो. ९८२७१२२२९१
उपभोक्ता समिति सदस्य: १३ जना महिला: १३ जना

**सूर्योदय आमा समूह**
**उपभोक्ता समिति पोखरा-१३**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, शितल नगर मार्गको अधुरो बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नाम: शितल नगर मार्गको अधुरो बाटो ढलान
ठेगाना: पोखरा-१४
योजना सम्झौता मिति : २०८२/०८/२१ गते
योजना सुरु मिति: २०८२/०८/२६ गते
योजना सम्पन्न भएको मिति: २०८२/०९/२० गते
योजनाको कुल लागत: रु. ४,११,७६४.७१
महानगरपालिकाबाट: रु. ३,५०,०००।-
जनसहभागिताबाट: रु. ६१,७६४.७१
उपभोक्ता समिति अध्यक्ष: शोभराम शर्मा सचिव: शुशिल बानियाँ खत्री, कोषाध्यक्ष: बाबुराम कार्मी सदस्यहरु: पिमला शर्मा, मुकुन्द सुवेदी, मिन बहादुर गुरुङ, प्रेम प्रसाद अधिकारी
अनुगमन समिति: संयोजक चन्द्रेश्वर बास्ताकोटी (टोल विकास अध्यक्ष) सदस्य: दिलमाया गुरुङ (वडा सदस्य) सदस्य: शुमित्रा घिमिरे, सदस्य: भरतराज कार्की

**शितल नगर मार्गको अधुरो बाटो ढलान**
**उपभोक्ता समिति पोखरा-१४**